नेपाली राजदूतावास
**Embassy of Nepal**
Geneva, Switzerland

## नयाँ कोरोना भाइरस (COVID-19) सम्बन्धी सूचना

केही दिनदेखि यस नियोगको कार्यक्षेत्र रहेका स्वीट्जरल्याण्ड, इटाली, सान मारिनो तथा लिचेष्टाइन समेत चारै मुलुकहरूमा नयाँ कोरोना भाइरस निरन्तर रूपमा फैलदै गएकोले नयाँ कोरोना भाइरसको संक्रमण हुनबाट बच्न देहाय बमोजिम सतर्कता अपनाउनु हुन स्वीट्जरल्याण्ड र यस नियोग सह-प्रमाणिकरण रहेका मुलुकहरू इटाली, सान मारिनो र लिचेष्टाइनमा रहनु भएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई यस नियोग हार्दिक अनुरोध गर्दछः

- साबुन पानीले बारम्बार हात धुने।
- साबुन पानी उपलब्ध नभएको अवस्थामा अल्कोहलयुक्त स्यानिटाईजरको प्रयोग गर्ने।
- मानिसको भिडभाड वा वढी आवतजावत हुने ठाँउहरूमा सकेसम्म नजाने, जानु पर्दा अनिवार्य रूपमा मेडिकल मास्कको प्रयोग गर्ने।
- फोहोर हातले नाक मुख र आँखा नछुने।
- हाच्छियुँ गर्दा वा खोक्दा नाक र मुख पाखुराले छोप्ने वा रूमालको प्रयोग गर्ने। रूघाखोकी र ज्वरो आएका व्यक्तिबाट टाढै रहने। हाँच्छियुँ गरेपछि वा खोकेपछि, खाना पकाउनु वा खानु अघि, शौचालय प्रयोग पछि, बिरामी भेटेपछि, जनावर छोएपछि वा हात फोहोर भएमा अनिवार्य रूपमा हात धुने।
- मासु र अण्डा राम्ररी पकाएर मात्र खाने।
- अत्यावश्यक काममा बाहेक कोरोना भाइरस प्रभावित मुलुकहरूमा यात्रा नगर्ने।
- रूघाखोकीले समातेमा, ज्वरो आएमा वा सास फेर्न गाह्रो भएमा तुरून्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने।
- कोरोना भाइरसको आशंका भएमा स्वीट्जरल्याण्डको हकमा स्वीस संघीय जनस्वास्थ्य कार्यालय (www.bag.admin.ch) तथा Coronavirus infoline: +41 58 463 00 00, daily 24 hours मा सम्पर्क गर्ने।
- इटालीको हकमा www.salute.gov.it/nuovocoronavirus मा उल्लेखित सम्वन्धित regional toll-free number वा Public Utility Number 1500 मा सम्पर्क गर्ने।
- सम्बन्धित मुलुकको आधिकारिक निकायद्वारा जारी गरिएका निर्देशन, सूचना, सार्वजनिक अपिलहरूको बारेमा जानकारी लिइरहने एवम् सोही बमोजिम सचेतना अपनाउने।

साथै, अत्यावश्यक अवस्थामा यस नियोग तथा नेपालको अवैतनिक नेपाली महावाणिज्यदूतको कार्यालयमा सम्पर्क गर्न समेत अनुरोध छः

नेपाली राजदूतावास, जेनेभाको हकमाः
कुमार राई, काउन्सेलर, (+४१) ७८८०१२१९८ वा
भुवन पौडेल, द्वितीय सचिव, (+४१) ७८६९७९६४३

नेपाली अवैतनिक महावाणिज्यदूतको कार्यालय, रोमको हकमाः
पाउलो नुगारी, (+३९) ३३५४०४५४०

नेपाली राजदूतावास
जेनेभा, स्वीट्जरल्याण्ड
२०७६ फागुन २७

नेपाली राजदूतावास
जेनेभा

81, rue de la Servette, CH - 1202 Geneva, Switzerland
Tel.: ++41(0)22 733 2600/2621, Fax: ++41(0)22 733 2722, E-mail: mission.nepal@bluewin.ch